NCE NEPAL

# कोरोना कहरमा एनसिई नेपालको पहल

कोभिड-१९ विशेष समाचारपत्र
अंक ३

कोभिड-१९ ले निम्त्याएको यो महामारीको अवस्थामा बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्न एनसिई नेपालले गर्दै आएका गतिविधिहरु कोभिड - १९ विशेष समाचार पत्रमा समेटिइँदै आएको छ । त्यसै शृङ्खलाको यो तेस्रो अङ्कमा सेप्टेम्बर महिनाका गतिविधिहरु समेटिइएका छन् । नेपाल सरकारको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट "विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७" भदौ १९ मा जारी भएसँगै देशभरका विभिन्न पालिकाहरु आफ्ना मातहतका विद्यालय खुलाएर पठनपाठन सुचारु गर्न अग्रसर भएका देखिन्छन् । शैक्षिक सत्रको बाँकी सात महिनामा पाठ्यक्रम सकिने हिसाबले पाठ्यक्रम विकास केन्द्रले माध्यमिक तहको लागि "पाठ्यवस्तु समायोजन ढाँचा २०७७" पनि भदौ महिनामा विकास गरी सार्वजनिक गरेको छ । साथै विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना मन्त्रिपरिषद्ले असोज १ गते स्वीकृत गरेको छ । विद्यार्थीको सिकाइलाई निरन्तरता दिन सरकारले विभिन्न वैकल्पिक सिकाइ विधिहरु अवलम्बन गरेको छ । रेडियो तथा टेलिभिजनबाट प्रसारण हुने श्रव्य तथा श्रव्यदृश्य पाठहरुका साथै मानव स्रोत विकास केन्द्रले अनलाइनको माध्यमबाट पढ्न सहज हुनेगरी माध्यमिक तह सम्मका विद्यार्थीका लागि सिकाइ चौतारी सार्वजनिक गरेको छ । कक्षा ११ र १२ को अन्तिम परीक्षा बारे भने अझै मन्त्रालयमा छलफल हुँदैछ ।

विद्यालय बन्द भएपनि सिकाइलाई निरन्तरता दिइनुपर्छ भन्ने कुराको वकालत गर्दै एनसिई नेपालले स्थानीय सरकार देखि सङ्घीय सरकार, विभिन्न शिक्षाविद् र सरोकारवालासँग बहस र अन्तरक्रिया कार्यक्रम चलाउँदै आएको छ । यसै सन्दर्भमा सेप्टेम्बर महिनामा एनसिई नेपालले "**बागमती प्रदेशको शिक्षा नीति - २०७७ माथि नागरिक छलफल**", **अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा "कोभिड महामारीमा शैक्षिक रुपान्तरण कसले र कसरी ?"** विषयक छलफल कार्यक्रम, दिगो विकास लक्ष्य सप्ताह २०२० को अवसरमा "दिगो विकास लक्ष्य ४ को राष्ट्रिय प्रारुप कार्यान्वयन कसरी हुँदैछ ?" भन्ने विषयमा बहस कार्यक्रम र ४१ औं सामाजिक सेवा दिवसको अवसरमा **"नागरिक सङ्गठनको सबलीकरण विकासमा साझेदारी र सहकार्य" विषयक बहस कार्यक्रम** आयोजना गरेको थियो । त्यसैगरी जिल्ला समन्वय समितिहरुले पनि शिक्षा सम्बन्धी महत्त्वपूर्ण विषयहरुमा संवाद, छलफल र रेडियो कार्यक्रम सम्पन्न गर्नुका साथै विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय दिवसको अवसरमा जिल्लाका अन्य सङ्घसंस्था र स्थानीय निकायहरुसँग सहकार्य गरी अनलाइन मार्फत छलफल र बहस कार्यक्रमका साथै बालबालिकाहरुका लागि वक्तृत्वकला, कविता वाचन र लोकदोहोरी प्रतियोगिता जस्ता कार्यक्रम आयोजना गर्न सफल भएका छन् । यस्ता विभिन्न कार्यक्रमको आयोजनाका साथै एनसिई नेपालले शिक्षाको समसामयिक विषयमा अध्ययन र सो अध्ययनमा आधारित भई स्थानीय, प्रदेश र सङ्घीय सरकारका विभिन्न निकायमा सुझाव प्रदान गरी जस्तोसुकै अवस्थामा पनि शिक्षाको अधिकार सुनिश्चित हुनुपर्छ भन्दै वकालत गर्दै आएको छ ।

कोरोना महामारीको समय सेप्टेम्बर महिनामा एनसिई नेपालले सम्पन्न गरेका मुख्य-मुख्य गतिविधिहरुलाई सङ्क्षिप्तमा यहाँ उल्लेख गरिएको छ ।

# बागमती प्रदेशको शिक्षा नीति – २०७७ माथि नागरिक छलफल



बागमती प्रदेशले सार्वजनिक गरेको प्रदेशको शिक्षा नीति - २०७७ को प्रारम्भिक मस्यौदामा छलफल गर्ने र आवश्यक सुझाव सङ्कलन गरी प्रदेश सरकारलाई नागरिक सुझाव बुझाउने उद्देश्यले शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई–नेपाल) प्रदेश समन्वय समिति बागमतीको आयोजना र एनसिई जिल्ला समन्वय समिति मकवानपुरको सहकार्यमा **"बागमती प्रदेशको शिक्षा नीति - २०७७ माथि नागरिक छलफल"** विषयक भर्चुवल छलफल कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा बागमती प्रदेशका सांसद माननीय जुनेली श्रेष्ठ, बागमती प्रदेश सामाजिक विकास मन्त्रालयका प्रवक्ता श्री दिपेन्द्र सुवेदी, शिक्षाका लागि राष्ट्रिय अभियान नेपालका कार्य समितिका सदस्य, प्रदेश र जिल्ला संयोजक, शिक्षाविद्, पत्रकार, शिक्षक, सदस्य संस्थाका प्रतिनिधि, विद्यार्थी, अभिभावक, लैङ्गिक तथा अल्पसङ्ख्यक समुदायका प्रतिनिधि, अपाङ्गता भएका व्यक्तिहरुका प्रतिनिधि गरी करिब १४५ जना प्रत्यक्ष र फेसबुक लाईभमार्फत करिब ३०० जना शिक्षाकर्मीहरु सहभागी भएका थिए ।

उक्त कार्यक्रममा वक्ताहरुले नीतिमा उल्लेख रहेको विद्यालय सुशासन र समावेशिकरण, विद्यालय र विश्वविद्यालय, बालविकास, शिक्षक व्यवस्थापन, निजी विद्यालय व्यवस्थापन, संवैधानिक व्यवस्था आदि



सम्बन्धमा विभिन्न सुझावहरु दिएका थिए । वक्ताहरुले सबै बालबालिकाको नि:शुल्क शैक्षिक क्रियाकलापलाई सुव्यवस्थित गर्नका निमित्त स्रोत व्यवस्थापनको कार्ययोजना उल्लेख गरिनुपर्ने, कोभिड-१९ महामारीले शिक्षामा पारेको विद्यमान अवस्था, समस्या र चुनौतीको विश्लेषण गरी विषम परिस्थितिको मध्यनजर गरी शैक्षिक व्यवस्थापनको सुनिश्चितता हुनुपर्ने, नयाँ विश्वविद्यालय खोल्ने भन्दा पनि भएकै विश्वविद्यालयहरुलाई सुव्यवस्थित ढङ्गले अगाडि बढाउने कुरालाई समेटिनुपर्ने, प्रधानाध्यापक र शिक्षकको क्षमता विकास गर्ने कुरा पनि नीतिमा स्पष्ट रुपमा राखिनुपर्ने, संस्कृत गुरुकुल र विद्यापीठ, मदरसा, गुम्बा आदिको व्यवस्थापनलाई पनि



नीतिमा समायोजन गरिनुपर्ने लगायतका सुझावहरु दिएका थिए । बागमती प्रदेश सामाजिक विकास मन्त्रालयका प्रवक्ता श्री दिपेन्द्र सुवेदी र सांसद जुनेली श्रेष्ठले कार्यक्रमबाट आएका सुझावलाई मन्त्रालयमा छलफल गरिने र उक्त नीतिमा समेटिने र सुधार गरिने प्रतिबद्धता जनाउनुभएको थियो ।

कार्यक्रमबाट प्राप्त सुझावलाई बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयमा बुझाइएको छ । उक्त सुझाव तलको लिङ्कमार्फत हेर्न सकिन्छ ।

https://drive.google.com/file/d/1277Ph1Le85BqXGwC6skMYME248xnVMqZ/view?usp=sharing

उक्त कार्यक्रमको भिडियो तलको लिङ्कमार्फत हेर्न सकिन्छ ।

https://www.youtube.com/watch?v=VVWeCsKAtV0&t=25s

# "कोभिड महामारीमा शैक्षिक रुपान्तरण कस्ले र कसरी ?" विषयक छलफल कार्यक्रम

शिक्षाका लागि राष्ट्रिय अभियान नेपालले अन्तर्राष्ट्रिय साक्षरता दिवस २०२० को अवसरमा कोभिड-१९ महामारीले रोकिएको बालबालिकाको शिक्षण क्रियाकलाप र महामारी पश्चात् शैक्षिक क्षेत्रमा आवश्यक रुपान्तरण सम्बन्धमा विभिन्न सरोकारवाला बिच छलफल गरी सुझाव सङ्कलन गर्ने उद्देश्यका साथ **"कोभिड महामारीमा शैक्षिक रुपान्तरण कस्ले र कसरी ?"** विषयक बहस कार्यक्रम सम्पन्न गरेको छ । उक्त बहस कार्यक्रममा शिक्षा तथा मानव स्रोत विकास केन्द्रका उपमहानिर्देशक इम नारायण श्रेष्ठ, आस्वेकी थिया सोरियानो, शिक्षा विज्ञहरु डा. विष्णु कार्की, डा. प्रमोद भट्ट, डा. सुसन आचार्य, डा. विद्यानाथ कोइराला, शिक्षाका लागि राष्ट्रिय अभियान नेपालका कार्य समितिका पदाधिकारी, प्रदेश र जिल्ला संयोजक, सल्लाहकार, पत्रकार, शिक्षक, सदस्य संस्थाका प्रतिनिधि, युवा, लैङ्गिक अल्पसङ्ख्यक, सीमान्तकृत वर्ग, अपाङ्गता भएका व्यक्तिका प्रतिनिधि र विभिन्न शिक्षा सरोकारवालाहरु गरी ९० जना जुममार्फत र करिब १५० जना फेसबुक लाईभमार्फत प्रत्यक्ष सहभागी भएका थिए। बहस कार्यक्रममा वक्ताहरुले पाठ्यक्रम परिमार्जन, लगानी पुनर्वितरण, शिक्षण सिकाइ रुपान्तरण र क्षेत्रीय र अन्तर्राष्ट्रिय प्रयासहरु विषयमा आफ्ना धारणा र सुझावहरु राखेका थिए । साथै कार्यक्रममा आस्वेकी थिया सोरियानोले फिलिपिन्स, बङ्गलादेश, भारत, श्रीलंका लगायतका देशमा कोभिडका सन्दर्भमा वैकल्पिक शिक्षा, प्रौढ शिक्षा, जीवनोपयोगी शिक्षा लगायतमा भएका अभ्यासहरुका बारेमा जानकारी गराउनुभयो ।

कार्यक्रममा शिक्षाविद् डा. विष्णु कार्कीले कार्यपत्र प्रस्तुत गर्दै विद्यालयमा बालबालिकाहरुलाई ल्याउने भन्दा पनि उनीहरुको सिप विकास र गुणस्तरीय शिक्षण सिकाइमा जोड दिनुपर्ने, विपत् परिस्थितिसँगै विद्यालय बन्द






भइरहने भएकाले समाज र परिवारबाट हुने सिकाइको पहिचान गरिनुपर्ने, र अबको शिक्षामा आमूल परिवर्तन हुनुपर्नेमा जोड दिनुभयो । कार्यपत्रमा टिप्पणी दिँदै अन्य वक्ताहरुले शिक्षालाई जीवनसँग जोड्ने विषयमा निरन्तर वकालत पछि पाठ्यक्रम केही रुपमा परिवर्तन भए तापनि लागू नभएको, पाठ्यक्रम सकाउनभन्दा पनि सिकाइको गुणस्तरलाई मापन गरिनुपर्ने, लगानीमा नवीन सोच र पुनर्विचारको आवश्यकता रहेको र अहिलेको अवस्थामा शिक्षालाई समग्र समाज र घर परिवारमा संस्थाकीकरण गर्न सम्भव नभएको तर्क व्यक्त गरेका थिए । डिजिटल सामग्रीको पहुँच र सामुदायिक सिकाइ केन्द्रहरुको स्थापनामा ध्यान दिनुपर्ने, कोभिड-१९ महामारीको बेलामा शिक्षामा रकमान्तरको विषयमा सरकारले ध्यान दिनुपर्ने, कक्षाकोठा भित्रको सिमित शिक्षा प्रणालीलाई परिवर्तन गरेर खुला सिकाइको रुपमा स्थापित गरिनुपर्ने, अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्ने खालको शिक्षण सिकाइ पद्धतिको विकास गरिनुपर्ने, शिक्षकले पाठ्यक्रम बनाउने पद्धतिको विकास गरिनुपर्ने, वैकल्पिक शिक्षामा सबै समुदायको समतामूलक पहुँच सुनिश्चित गरिनुपर्ने, बालबालिकाको व्यवहारिक सिप, सिकाइ र ज्ञान अभिबृद्धिका लागि अभिभावक सचेत रहनुपर्ने जस्ता सुझावहरु समेत वक्ताहरुले दिएका थिए।

उक्त कार्यक्रमको भिडियो तलको लिङ्कमार्फत हेर्न सकिन्छ ।

https://www.youtube.com/watch?v=CHnOtn8B8Uk&t=687s

# "दिगो विकास लक्ष्य ४ को राष्ट्रिय प्रारुप कार्यान्वयन कसरी हुँदैछ ? बहस कार्यक्रम

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट डिसेम्बर २०१९ मा सार्वजनिक भएको दिगो विकास लक्ष्य ४ लाई कार्यान्वयन गर्नका निमित्त बनेको राष्ट्रिय प्रारुपको कार्यान्वयन कसरी हुँदैछ र आगामी दिनमा कसरी गर्न सकिन्छ भन्ने विषयमा विभिन्न सरोकारवालाहरु बिच छलफल गरी सुझाव सङ्कलन गर्ने उद्देश्यका साथ एनसिई नेपालले दिगो विकास लक्ष्य सप्ताह २०२० को अवसरमा **"दिगो विकास लक्ष्य ४ को राष्ट्रिय प्रारुप कार्यान्वयन कसरी हुँदैछ ?"** भन्ने विषयमा दिगो विकास लक्ष्य मञ्च (SDG Forum) सँगको सहकार्यमा बहस कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, वैदेशिक शाखाका उप-सचिव डा.




भोजराज काफ्ले, युनेस्को काठमाडौंका शिक्षा प्रमुख श्री बलराम तिमल्सिना, गाँउपालिका राष्ट्रिय महासङ्घका महासचिव, तथा इन्द्रावती गाउँपालिकाका अध्यक्ष श्री वंशलाल तामाङ, र शिक्षाविज्ञ डा.सुमन कोमल तुलाधर लगायत शिक्षाका लागि राष्ट्रिय अभियान नेपालका कार्य समितिका सदस्य, प्रदेश र जिल्ला समन्वय समिति संयोजक, शिक्षाविज्ञ, सल्लाहकार, पत्रकार, शिक्षक, सीमान्तकृत तथा अल्पसङ्ख्यक समुदायका प्रतिनिधि र विभिन्न शिक्षा सरोकारवाला गरी करिब १८० जना जुम र फेसबुक लाईभमार्फत प्रत्यक्ष सहभागिता रहेको थियो।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै डा. सुमन कोमल तुलाधरले दिगो विकास लक्ष्य ४ को राष्ट्रिय प्रारुपमा प्रदेश र स्थानीय तहमा शिक्षाको स्थानीयकरण, व्यावसायिक र प्राविधिक शिक्षामा प्राथमिकता, ईसीडी, कार्यमा आधारित प्रशिक्षण र तालिम, नेटवर्किङ र अन्य देशहरूसँगको सहकार्य हुने जस्ता राम्रा पक्ष हुनुका साथै सो प्रारुपका बारेमा सचेतनाको कमी रहेको, विद्यालय बाहिरका बालबालिकाहरुका लागि लक्षित कार्यक्रम नसमेटेको, अनुगमनको अभाव रहेको, स्थानीय पाठ्यक्रमको अभाव, मातृभाषा र सांस्कृतिक विविधताको कमी, सीमान्तकृत समुदाय र सडक बालबालिकलाई समेट्न नसकेको र यसका लागि तीन तहका सरकार बिच उचित सहकार्य र समन्वय, र स्थानीय स्तरबाट श्रोतको व्यवस्थापन हुनु आवश्यक भएको कुरा बताउनुभयो। साथै अन्य वक्ताले पनि प्रारुप ल्याउने क्रममा नै चार वर्ष बितिसकेकाले अब कार्यान्वयनमा केन्द्रित हुनुपर्ने, दिगो विकास लक्ष्य हासिल गर्नका निमित्त प्रदेश र स्थानीय तहमा पुऱ्याउनुपर्ने र स्थानीयकरण गर्नुपर्ने, स्थानीय तहमा आर्थिक स्रोतको व्यवस्थापन हुनुपर्ने, वित्तीय अभावलाई हटाउन साझेदार र सहकार्य बढाइनुपर्ने, विद्यालय पुनः सञ्चालनका निमित्त विश्वसनीयताको वातावरण सिर्जना गरिनुपर्ने र कार्यान्वयनको बेलामा आवश्यक मूल्याङ्कन र अनुगमन हुनुपर्ने, शैक्षिक सुधार र दिगो विकास लक्ष्य प्राप्तिका





लागि विद्यालय व्यवस्थापन समिति र शिक्षकको क्षमता अभिबृद्धि गरिनुपर्ने, शिक्षकलाई जिम्मेवारीपनको महसुस गराइनुपर्ने, र विद्यालय र शिक्षकको अनुपातको तालमेल मिलाइनुपर्ने, विषय शिक्षकको व्यवस्थापन गरिनुपर्ने जस्ता कुरा व्यक्त गरेका थिए ।

कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय वैदेशिक शाखाका उप-सचिव डा. भोजराज काफ्लेले दिगो विकास लक्ष्य ४ को स्थानीयकरणका निमित्त मन्त्रालयद्वारा आवधिक योजनामा एकीकृत ढङ्गबाट समावेश गरिएको, कार्यान्वयनका निमित्त स्थानीयकरण प्रारुपको विकास गरिएको, धेरै कार्यक्रम स्थानीय सरकारले कार्यान्वयन गरेको, यसका बारेमा विस्तृत छलफल गरिएको र सामुदायिक विद्यालय सक्षम दशक २०७६ /८५ को स्थापना गरेको कुराहरु राख्नुभएको थियो। दिगो विकास लक्ष्य ४ कार्यान्वयन ढाँचामा शिक्षक तालिम, स्रोत विनियोजन, क्षमता अभिबृद्धि, पाठ्यक्रम, सुशासन र व्यवस्थापनमा पनि विशेष ध्यान दिएर अगाडि बढ्ने जानकारी गराउँदै अन्तर्राष्ट्रिय सूचकहरुलाई ध्यान दिँदै समायोजन गरी यसको कार्यान्वयन र अनुगमनमा पनि मन्त्रालयले आफ्नो भूमिका निर्वाह गर्ने कुरामा उहाँले प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

उक्त कार्यक्रमको भिडियो तलको लिङ्कमार्फत हेर्न सकिन्छ ।

https://www.youtube.com/watch?v=NvBsbqxpfok

बहस कार्यक्रमबाट प्राप्त मुख्य सुझाव सङ्घीय, प्रदेश र स्थानीय सरकारलाई तयार गरिएको छ जुन तलको लिङ्कमार्फत हेर्न सकिन्छ ।

https://drive.google.com/file/d/1MV6ewp2CA6bZC7fdH3pzHQ2RsZ2F7vIQ/view

# "नागरिक सङ्गठनको सबलीकरण: विकासमा साझेदारी र सहकार्य" विषयक बहस कार्यक्रम

४१ औं सामाजिक सेवा दिवसको अवसरमा एनसिई नेपालले सामाजिक विकासमा नागरिक सङ्गठनको भूमिका, अवस्था र चुनौती के छ भन्ने विषयमा विभिन्न सरोकारवालाहरुबिच छलफल गर्ने उद्देश्यका साथ **"नागरिक सङ्गठनको सबलीकरण: विकासमा साझेदारी र सहकार्य"** भन्ने विषयमा बहस कार्यक्रम सम्पन्न गरेको छ । उक्त बहस कार्यक्रममा समाज कल्याण परिषद्का उपाध्यक्ष डा. पदमप्रसाद खतिवडा, अधिकारमकर्मी, राष्ट्रिय मानव अधिकार आयोगका पूर्व प्रवक्ता तथा एनसिई नेपालका सल्लाहकार श्री गौरी प्रधान, गैरसरकारी संस्था महासङ्घका अध्यक्ष श्री जिताराम लामा, बियोन्ड बेइजिङ कमिटीमा निवर्तमान



अध्यक्ष श्री शान्ता लक्ष्मी श्रेष्ठ लगायत विभिन्न नागरिक सङ्गठन र सङ्घसंस्थाका प्रतिनिधि, शिक्षाविज्ञ, सामाजिक अभियन्ता, पत्रकार, शिक्षाका लागि राष्ट्रिय



अभियान नेपालका कार्य समितिका सदस्य, प्रदेश र जिल्ला संयोजक गरी करिब १३० जनाको जुम तथा फेसबुक लाईभमार्फत प्रत्यक्ष सहभागिता रहेको थियो ।

कार्यक्रममा समाज कल्याण परिषद्का उपाध्यक्ष डा. पदमप्रसाद खतिवडाले सामाजिक क्षेत्रलाई राष्ट्रिय गौरवको क्षेत्र बनाउन र उद्यमशीलता, दिगोपनामा केन्द्रित गर्न समाज कल्याण परिषद्द्वारा अध्ययन भएको, सामाजिक क्षेत्रबाट निजीकरण हटाउने, निजीलाई पनि समुदायको हितमा लगाउने र एकीकृत सामाजिक विकास ऐनमा उद्यमशीलतालाई पनि समावेश गर्ने किसिमले ऐन तथा नियममा परिमार्जन गर्न तयारी गरिरहेको, निजीकरणको व्यवस्था गर्ने, सामाजिक कार्यलाई प्रवर्धन गर्ने जस्ता व्यवस्थालाई सङ्घसंस्था सम्बन्धी नीतिमा समावेश गरिएका कुरा व्यक्त गर्दै समाज कल्याण परिषद्ले तीनै तहका सरकार र नागरिक सङ्घसंस्थाहरुसँग सधैं सहजीकरण, समन्वय र सहकार्य गरी अगाडि बढ्ने प्रतिबद्धता जनाउनुभएको थियो ।

त्यसैगरी कार्यक्रमका अन्य वक्ता र सहभागीहरुले पनि नागरिक सङ्घसंस्थाहरुलाई काम गर्न सहज वातावरण नभएको, नागरिक सङ्गठनहरुको दर्ता तथा नवीकरणमा एकद्वार प्रणाली र नियम ल्याउन सङ्घसंस्था दर्ता ऐन २०३४ संशोधन हुन जरुरी छ । एक स्थानीय तहमा दर्ता भएको संस्थाले देशभर काम गर्न पाउनुपर्ने, सरकार र नागरिक सङ्गठनबिच साझेदारी र समझदारी बढाइनु पर्ने, ठूला योजनासँगै बालिका शिक्षा, शिक्षा प्रवर्धन, उत्तरदायी, समाजमा विभेदको अन्त्य, समानीकरण, आत्मनिर्भरता, शान्ति, समृद्धि जस्ता कुरामा पनि सरकार र नागरिक समाजले जोड दिनुपर्ने, महामारी र प्राविधिक उपकरणको उपयोगसँगै सामाजिक अपराध, बालबालिका हिंसा र दुर्व्यवहार, बेरोजगार पनि बढ्दै गएकाले यस्ता कुरा प्राविधिक शिक्षाको सही उपयोगमा पनि ध्यान दिनुपर्ने, र लैङ्गिक समानता र समावेशिता कायम गरिनुपर्ने जस्ता कुरामा नागरिक समाज र सरकार हातेमालो गरी अघिबढ्नु पर्ने जस्ता कुरा व्यक्त गरेका थिए । उक्त कार्यक्रमको भिडियो तलको लिङ्कमार्फत हेर्न सकिन्छ ।


https://www.youtube.com/watch?v=fMNnlclKeME

# एनसिई जिल्ला समन्वय समितिद्वारा सम्पन्न क्रियाकलापहरु

## अन्तर्राष्ट्रिय साक्षरता दिवस २०२०

अन्तर्राष्ट्रिय साक्षरता दिवस २०२० को अवसरमा एनसिई जिल्ला समन्वय समिति दाङ्ग, नवलपुर, धनुषा र दैलेखले कोभिड महामारी बिच साक्षरता र शिक्षण सिकाइका क्रियाकलापलाई निरन्तरता दिन सरोकारवालाको भूमिका, जिल्लाको शैक्षिक अवस्था, स्थानीय सरकारको तयारी जस्ता विषयमा अनलाइन छलफल कार्यक्रम आयोजना गरेका थिए । नवलपुर र धनुषा जिल्ला समन्वय समितिद्वारा यसै सन्दर्भमा नेपालमा साक्षरताको अवस्था, सरकारद्वारा यसका लागि गरिएको खर्च, साक्षरता शिक्षण तथा सिकाइमा शिक्षाकर्मीको भूमिका जस्ता विषयमा रेडियो कार्यक्रम पनि सञ्चालन भएका थिए । एनसिई जिल्ला समन्वय समिति पर्वत र पाल्पाले अनलाइनकै माध्यमबाट वक्तृत्वकला, र कविता प्रतियोगिता आयोजना गरी मनाए भने पर्साले हाजिरी जवाफ प्रतियोगिता आयोजना गरेको थियो । यी प्रतियोगिताहरु





विद्यालयमा पढ्ने भाइबहिनीको लागि कोभिड महामारीको अवस्थामा शिक्षा सम्बन्धी आफ्नो विचार प्रकट गर्ने राम्रो अवसर बनेको थियो । प्रतियोगिताका विजेतालाई पुरस्कारको समेत व्यवस्था मिलाइएको थियो । अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा आयोजना गरिएका छलफल कार्यक्रममा स्थानीय जनप्रतिनिधि, शिक्षक, प्र.अ., पालिकाका शिक्षा शाखाका प्रमुख, जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख, पत्रकार र अन्य सरोकारवालाहरुको सक्रिय सहभागिता रहेको थियो ।




अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा जिल्ला समन्वय समितिद्वारा सम्पन्न गरिएका केही कार्यक्रम तलको लिङ्कमार्फत हेर्न सकिन्छ ।


https://www.facebook .com/vijayafm/videos/993046784601866
https://www.facebook. com/210698145666998/videos/27263091810 21560
https://www.acebookom/ColorsFM102.4Mhz/ videos/349497016436757

# राष्ट्रिय बाल दिवस २०७७

विपत्मा बाल अधिकारको सुनिश्चितता: हाम्रो प्रतिबद्धता मूल नाराका साथ भदौ २९ मा राष्ट्रिय बाल दिवस




२०७७ पनि जिल्ला समन्वय समिति पाल्पा, नवलपुर र कपिलवस्तुले कोभिड-१९ मा बालबालिकाहरुको अवस्था, सरोकारवालाको भूमिका, बालबालिकाहरुको शिक्षाको अधिकार लगायत उनीहरुका अन्य सरोकारको विषयमा



अनलाइन छलफल कार्यक्रम आयोजना गरी मनाएका थिए भने पर्वत जिल्ला समन्वय समितिले लोकगीत प्रतियोगिता आयोजना गरेको थियो । यी कार्यक्रमहरुमा बालबालिका, नगर बाल सञ्जालका प्रतिनिधि लगायत जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख र नगर प्रमुखको पनि उपस्थिति रहेको थियो । बालबालिकाहरुले पालिका र शैक्षिक निकायहरुले सिकाइ प्रक्रियामा ठोस कदम चाल्नुपर्ने, टोल टोलमा शिक्षकहरुको परिचालन गरी सिकाइ प्रक्रृया अघि बढाउनुपर्ने जस्ता कुराका माग गरेका छन् ।

# दिगो विकास लक्ष्य सप्ताह २०२०

कोभिड १९ ले निम्त्याएको महामारीको बेला दिगो विकास लक्ष्य नं ४ मा केन्द्रित भई एनसिई नेपाल प्रदेश समन्वय समिति र जिल्ला समन्वय समितिले दिगो विकास लक्ष्य सप्ताह २०२० को अवसरमा विभिन्न कार्यक्रम सम्पन्न गरेका छन् । विद्यालय शिक्षामा भएको राम्रो अभ्यास बारे छलफल गर्न प्रदेश ५ समन्वय समिति




र कपिलवस्तु जिल्ला समन्वय समितिको सहकार्यमा प्रदेश ५ स्तरीय भर्चुवल बैठक, जिल्ला समन्वय समिति दाङ्गले स्थानीय सरकार र सरोकारवालाले दिगो विकास लक्ष्य नं ४ प्राप्तिको लागि गरेको प्रयासबारे छलफल गर्नुका साथै जवाफदेहिता सुनिश्चित गर्न दुईवटा रेडियो बहस कार्यक्रम, र जिल्ला समन्वय समिति पाल्पाले दिगो विकास लक्ष्य नं ४ मा स्थानीय सरकार र सङ्घसंस्थाको भूमिका बारे दुईवटा अनलाइन बहस




कार्यक्रम आयोजना गरेको थियो । जिल्ला र प्रदेश स्तरमा आयोजना गरिएका यी कार्यक्रममा प्रदेश ५ का सामाजिक विकास मन्त्रालयका शैक्षिक योजना तथा अनुसन्धान महाशाखा प्रमुख थानेश्वर ज्ञवाली लगायत, पालिकाका शिक्षा प्रमुख, नगरप्रमुख, प्रधानाध्यापक, सङ्घसंस्थाका प्रतिनिधि, शिक्षा अधिकारकर्मी र अन्य सरोकारवालाको सहभागिता थियो जसमा दिगो विकास लक्ष्यमा स्थानीय सरकारको अपनत्व र जवाफदेहिता बढाउन थप जनचेतना जगाउनु पर्ने र स्थानीयकरण गर्नुपर्ने, स्थानीय सरकार र सङ्घसंस्थाबिच सहकार्य बढाउनुपर्ने, स्थानीय सरकारले सबै बालबालिकालाई भेदभावरहित वातावरणमा सिक्ने अधिकार सुनिश्चित गरिनुपर्ने कुरामा जोड दिइएको थियो ।

# रेडियो कार्यक्रम

सेप्टेम्बर महिनामा एनसिई जिल्ला समन्वय समितिको सहकार्यमा पर्वत, रुपन्देही, पाल्पा, नवलपुर, दाङ्ग, कपिलवस्तु, पर्सा, धनुषा र मकवानपुरमा कोरोनाको कारण शिक्षामा परेको प्रभाव र स्थानीय सरकारको भूमिका, शिक्षा सम्बन्धी बजेट र नीति, अहिलेको अवस्थामा युवाको भूमिका, कक्षा १२ को परीक्षा, शिक्षामा निजीकरण र यसको अनुगमन, गणित विषय अध्ययन गर्ने तरिका जस्ता विविध विषयमा ६८ वटा रेडियो संवाद कार्यक्रम सम्पन्न भएका छन् । सो रेडियो कार्यक्रमहरु रेडियो कुसुम, रेडियो मुक्ति, रेडियो विजय, रेडियो मध्यपश्चिम, रेडियो तुलसीपुर, रेडियो हापुरे, रेडियो मायादेवी, रेडियो आकाश, रेडियो कलर्स, सामुदायिक रेडियो निकासमार्फत प्रसारण भएका हुन् ।

कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख, पालिकाका शिक्षा शाखा प्रमुख, स्थानीय निकायका प्रतिनिधि, शिक्षाविद्, पत्रकार, नागरिक समानका प्रतिनिधिहरुका सक्रिय सहभागिता रहेको थियो । रेडियो कार्यक्रमले पालिका, र जिल्ला स्तरमा शिक्षण सिकाइलाई निरन्तरता दिन भएका क्रियाकलापको आदानप्रदान गर्न सहयोग पुऱ्याएको छ । यी कार्यक्रमले स्थानीय निकायलाई उत्तरदायी बनाउनुका साथै शिक्षा सम्बन्धी विभिन्न सरोकारवालालाई अहिलेको आपत्कालीन अवस्थामा आफ्नो दायित्व बोध गराउन पनि सहयोग गरेको छ । साथै यी कार्यक्रमहरुले बालबालिकाहरुलाई अहिलेको समयमा कसरी रचनात्मक सिपको विकास गर्ने, अभिभावकले कस्तो भूमिका निर्वाह गर्नुपर्दछ र बालबालिकालाई कसरी सिकाइ क्रियाकलापमा जोड्ने बारे पनि ज्ञान प्रदान गरेकोछ ।

## भर्चुअल संवाद  कार्यक्रम

समता र लैंङ्गिक उत्तरदायी बजेट, शिक्षामा निजी क्षेत्रको संलग्नता, महामारीमा बालबालिकाहरुको सिकाइको सुनिश्चितता, वैकल्पिक सिकाइ प्रभावकारी बनाउन सरोकारवालाको भूमिका जस्ता विषयमा एनसिई जिल्ला समन्वय समितिको आयोजनामा पर्वत, रुपन्देही, पाल्पा, नवलपुर, पर्सा, मकवानपुर र दैलेखमा गरी ३० वटा भर्चुअल संवाद  कार्यक्रम सम्पन्न भएका छन् । कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख, स्थानीय निकायका प्रतिनिधि, राष्ट्रिय बालअधिकार परिषद्का सदस्य, नागरिक समाजका प्रतिनिधि, शिक्षक, र अन्य सरोकारवाला गरी करिब ६०० जनाको प्रत्यक्ष सहभागिता रहेको थियो ।




यी कार्यक्रममा कोभिड-१९ ले शिक्षामा पारेको असरलाई न्यूनिकरण गर्दै अबको शिक्षा कुन हिसाबले अघि बढ्नुपर्छ, सामाजिक विकासमा युवाको सहभागिता कसरी गर्न सकिन्छ, स्थानीय सरकारले वैकल्पिक शिक्षामा गरेका प्रयास बारे प्रकाश पारेको छ ।

# एनसिई नेपालद्वारा सम्पन्न गरिएका मुख्य क्रियाकलापहरु

- ☐ यस अवधिमा एनसिई नेपालले गैरसरकारी संस्था महासङ्घ, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, समाज कल्याण परिषद्, र आस्वेद्वारा आयोजित विभिन्न राष्ट्रिय तथा क्षेत्रीय फोरम र बैठकमा सहभागिता जनाएको छ ।
- ☐ एनसिई नेपालले जिल्ला समन्वय समितिहरुलाई भर्चुवल संवाद सञ्चालन गर्न र सामाजिक सञ्जाल प्रयोग गर्नमा क्षमता अभिबृद्धि गरेको छ ।
- ☐ एनसिई नेपालले कोभिड नियन्त्रणमा युवाहरुको भूमिकामा विशेष जोड दिँदै उनीहरुको क्षमता अभिबृद्धिमा जोड दिएको छ ।
- ☐ एनसिई नेपालले जुलाई र अगस्त महिनामा सम्पन्न गरेको मुख्य गतिविधि समेटेर कोभिड-१९ विशेष समाचारपत्रको दोस्रो अङ्क प्रकाशन भएको छ ।

उक्त  समाचारपत्र तलको लिङ्कमार्फत हेर्न सकिन्छ ।
https://drive.google.com/file/d/1trYpxaI977ndWHiXelVdKjU1hyj7S2r/view?usp=sharing

# एनसिई नेपालका गतिविधि विभिन्न सञ्चार माध्यममा



नवलपुरका बालबालिकाको आग्रह सिकाइ प्रक्रियामा ठोस कदम चाल्नुस्



सबै क्षेत्रको समन्वय भए उपलब्धि हुन्थ्यो

अझै समय छ, चाहयो भने यहाले कोभिड नियन्त्रण गर्छ : नेताहरु



10 Sep 2020, Thursday ५

## वक्तृत्वकलामा रविना पहिलो


पाल्पा (करुवा) । भर्चुअल माध्यमबाट गरिएको वक्तृत्वकला प्रतियोगितामा रामतुल्सी मावि रामपुरकी रविना ढकाल पहिलो भएकी छन् । उनी जिल्लास्तरीय अनलाइन वक्तृत्वकला प्रतियोगितामा २२ सहभागीलाई उछिन्दै पहिलो हुन सफल भएकी हुन् । अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा शिक्षाका लागि राष्ट्रिय अभियान पाल्पा, रुम टु रिड नेपाल र बेस नेपालको संयुक्त आयोजना र शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको समन्वयमा भएको थियो । 'कोरोना कहर, हाम्रो शिक्षा र सरोकारवालाको भूमिका' विषयक वक्तृत्वकला प्रतियोगितामा सहभागी अन्य विद्यार्थीहरुलाई उछिन्दै रविना विजय भएकी हुन् । प्रतियोगितामा सेन मावि तानसेनका सविन ज्ञवाली द्वितीय, जनता मावि तानसेनकी सदिक्षा ढकाल तृतीय, दमकडा मावि दमकडाकी विनिता पराजुली र सृजना आधारभूत विद्यालय तिनाउकी सुस्मा रुचालले सान्त्वना स्थान हासिल गरेका छन् । कार्यक्रममा रुम टु रिड नेपालका कार्यक्रम अधिकृत ओमकुमार श्रेष्ठले कोरोना भाइरसका कारण उत्पन्न परिस्थितिले अनलाइन माध्यमबाट प्रतियोगिता सञ्चालन गर्नुपरेको तर विद्यार्थीहरुको सहभागिता उत्साहजनक रहेको बताए ।

कार्यक्रमका प्रमुख अतिथि शिक्षा विकास तथा समन्वय इकाई पाल्पाका प्रमुख रमेशराज पौडेलले सहभागीहरुका लागि शुभकामना मन्तव्य दिँदै कोरोना भाइरसका कारण शिक्षा क्षेत्रमा नराम्रो असर परेको बताए । कोरोना भाइरसका कारण शैक्षिक क्षेत्रहरु बन्द भएको अवस्थामा विद्यार्थीहरुलाई सृजनात्मक बनाउन यस्ता प्रतियोगिताहरुले सहयोग पुऱ्याउने इकाई प्रमुख पौडेलले बताए । प्रतियोगितामा जिल्लाका सामुदायिक, निजी तथा आवासीय विद्यालयको सहभागिता रहेको थियो । प्रतियोगितामा गोपाल प्रसाद बस्यालको संयोजकत्वमा तीन जनाको निर्णायक मण्डलले निर्णय गरेका थिए । शिक्षाका लागि राष्ट्रिय अभियान नेपालका जिल्ला संयोजक शालिकराम पाण्डेको अध्यक्षता र बेस नेपाल साक्षरता कार्यक्रम संयोजक प्रकाश पाण्डेको सञ्चालन कार्यक्रम भएको हो ।



SWATANTRAPOST.COM

एनसिसई नेपाल पर्वत र शिक्षक चौतारी पर्वतको संयुक्त आयोजनामा अनलाईनबाट जिल्लाव्यापी अन्तर विद



कुस्मा नगरपालिकामा अनलाईनबाट कविता प्रतियोगिता

didibahinikhabar.com



SAMRIDDHASAMAJ.COM

'शिक्षा प्रणाली, शिक्षा ऐन नयाँ दिन नसक्नु आफैंमा दूर्भाग्य' | Samriddha Samaj



पढ्न, पढाउन अलमल छ, परीक्षा तयारीमा स्कुल



२०७७ भदौ २९ गते, सोमबार (14 September 2020)

## प्रदेशलाई शिक्षा नीतिबारे एनसीईको सुझाव



रेडियोको स्टुडियो बाट नगरशिक्षा प्रमुख तिवारी भन्छन !कुस्मा नगरपालिकाका विद्यालय अनलाईन कक्षामा व्यस्त





AAJAKOSHIKSHA.COM.NP

एनसिई नेपालको पहलमा प्रदेश शिक्षा नीति सुधार्न नागरिक सुझाव | Aaja ko Shiksha

शिक्षामा साझा अधिकारीहित संघ र प्रदेशको भूमिका स्पष्ट पार्नुपर्ने सरोकारवालाले सुझाव दिए । उनीहरुले प्रदेश शि...




10 Sep 2020, Thursday ५

## वक्तृत्वकलामा रविना पहिलो

पाल्पा (करुवा) । भर्चुअल माध्यमबाट गरिएको वक्तृत्वकला प्रतियोगितामा रामतुल्सी मावि रामपुरकी रविना ढकाल पहिलो भएकी छन् । उनी जिल्लास्तरीय अनलाइन वक्तृत्वकला प्रतियोगितामा २२ सहभागीलाई उछिन्दै पहिलो हुन सफल भएकी हुन् । अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा शिक्षाका लागि राष्ट्रिय अभियान पाल्पा, रुम टु रिड नेपाल र बेस नेपालको संयुक्त आयोजना र शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको समन्वयमा भएको थियो । 'कोरोना कहर, हाम्रो शिक्षा र सरोकारवालाको भूमिका' विषयक वक्तृत्वकला प्रतियोगितामा सहभागी अन्य विद्यार्थीहरुलाई उछिन्दै रविना विजय भएकी हुन् । प्रतियोगितामा सेन मावि तानसेनका सविन ज्ञवाली द्वितीय, जनता मावि तानसेनकी सदिक्षा ढकाल तृतीय, दमकडा मावि दमकडाकी विनिता पराजुली र सृजना आधारभूत विद्यालय तिनाउकी सुस्मा रुचालले सान्त्वना स्थान हासिल गरेका छन् । कार्यक्रममा रुम टु रिड नेपालका कार्यक्रम अधिकृत ओमकुमार श्रेष्ठले कोरोना भाइरसका कारण उत्पन्न परिस्थितिले अनलाइन माध्यमबाट प्रतियोगिता सञ्चालन गर्नुपरेको तर विद्यार्थीहरुको सहभागिता उत्साहजनक रहेको बताए ।

कार्यक्रमका प्रमुख अतिथि शिक्षा विकास तथा समन्वय इकाई पाल्पाका प्रमुख रमेशराज पौडेलले सहभागीहरुका लागि शुभकामना मन्तव्य दिँदै कोरोना भाइरसका कारण शिक्षा क्षेत्रमा नराम्रो असर परेको बताए । कोरोना भाइरसका कारण शैक्षिक क्षेत्रहरु बन्द भएको अवस्थामा विद्यार्थीहरुलाई सृजनात्मक बनाउन यस्ता प्रतियोगिताहरुले सहयोग पुऱ्याउने इकाई प्रमुख पौडेलले बताए । प्रतियोगितामा जिल्लाका सामुदायिक, निजी तथा आवासीय विद्यालयको सहभागिता रहेको थियो । प्रतियोगितामा गोपाल प्रसाद बस्यालको संयोजकत्वमा तीन जनाको निर्णायक मण्डलले निर्णय गरेका थिए । शिक्षाका लागि राष्ट्रिय अभियान नेपालका जिल्ला संयोजक शालिकराम पाण्डेको अध्यक्षता र बेस नेपाल साक्षरता कार्यक्रम संयोजक प्रकाश पाण्डेको सञ्चालन कार्यक्रम भएको हो ।




## पाल्पामा राष्ट्रिय बाल दिवसमा भर्चुअल बहस



जन भण्डाफोर दैनिक

JAN BHANDAPHOR DAILY

जटिलताका बीच पनि बजेट कार्यान्वयन हुन्छ

कोरोनाले पछि पार्यो, अब फड्को मार्छौं


शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल)

बबरमहल, काठमाडौं, नेपाल

फोन नं. ९७७-१-६२०३००९, ०१-४२२३४२०

पो.ब.नं. : १४४२१

ईमेल : info@ncenepal.org.np

वेभसाईट : www.ncenepal.org.np